# बेसीशहर नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, बेसीशहर लमजुङ
## कृषि विकास शाखा
## गण्डकी प्रदेश, नेपाल

आ.व. २०८१/८२
च नं.

**कृषि कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२१ गते**

बेसीशहर नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/८२ को नगरपालिका तर्फको तपशिल अनुसारको कार्यक्रम सञ्चालन हुने हुदाँ बेसीशहर नगरपालिका भित्रका ईच्छुक कृषक समुह/कृषि फर्म/कृषि सहकारी/सामुदायिक विद्यालय/ कृषकहरुले देहाय बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८१/०५/१९ गते) भित्र कृषि विकास शाखामा आवेदन पेश गर्न हुन जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

| क्र.सं | कार्यक्रमहरु/कृयाकलापको नाम | संख्या/ लक्ष्य | कार्यक्रमको कुल विनियोजित बजेट(रु.) | कार्यक्रम सञ्चालन गर्ने मापदण्डहरु |
|---|---|---|---|---|
| १ | मौरीको नयाँ मिनिपकेट स्थापना कार्यक्रम (वडा नं १० मा) | १ | २,८५,००० | - कम्तीमा ५० वटा नयाँ आधुनिक घार संख्या थप गर्नुपर्ने ।<br>- प्रशस्त चरण क्षेत्र भएको स्थानलाई प्राथमिकता दिइनेछ ।<br>- समुह/सहकारी मार्फत कार्यक्रम संचालन गर्नेलाई प्राथमिकता दिइनेछ।<br>- कम्तिमा १५ घर धुरी संलग्न हुनुपर्नेछ ।<br>- कार्यक्रम सञ्चालनमा ५०% - ७५% सम्म अनुदान दिन सकिने । |
| २ | नर्सरी स्थापना/प्रवर्द्धन कार्यक्रम (तरकारीको नर्सरी स्थापना गरी सहुलियत दरमा बिरुवा वितरण कार्यक्रम ) | ५ | ५,००,००० | - कम्तिमा २ वटा ६*१२ मिटरको स्थायी टनेल भएको ।<br>- यातायातको राम्रो सुविधा भएको ।<br>- सिंचाइ तथा निकासको राम्रो व्यवस्था भएको ।<br>- हिसाब किताब चुस्त दुरुस्त राख्न सक्ने क्षमता भएको ।<br>- मौसमी तथा वेमौसमी बिरुवा उत्पादन गरिरहेको कृषकलाई प्राथमितकता दिइनेछ ।<br>- कार्यालयले तोकेको मूल्यमा बिरुवा वितरण गर्न सक्ने ।<br>- कार्यक्रम सञ्चालनमा ५०% - ७५% सम्म अनुदान दिन सकिने । |
| ३ | सामूदायिक विद्यालयमा कृषि चिनारी कार्यक्रम | २ | १,००,००० | - सामूदायिक विद्यालय हुनुपर्ने छ ।<br>- कृषि विषय अध्यायन हुने विधालयलाई प्रथामिकता दिईनेछ ।<br>- कार्यक्रम संचालनका लागि विद्यालयको आफ्नै जग्गा भएकोलाई प्राथमिकता दिइनेछ । |

**आवश्यक कागजातहरुः**

१. तोकिएको ढाँचामा निवेदन
२. सम्बन्धीत वडा कार्यालयको सिफारिस
३. नेपाली नागरिकताको प्रतिलिपि
४. संस्थाको हकमा दर्ता तथा नविकरण गरेको प्रमाणपत्र, संस्थाको स्थायी लेखा नम्बर, कर चुक्ता, कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णय प्रतिलिपि
५. नर्सरी कार्यक्रम सञ्चालनको लागि सम्बन्धित स्थानको लालपुर्जा प्रतिलिपि

*नोटः थप जानकारीको लागि कृषि विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।*
*९८४१४७८९०८ , ९८४३३०४०६३, ९८४५८३८४८२*

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत